# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, असोज ५ गते २०५७ साल (अतिरिक्ताङ्क ३५ (ख)

## भाग ३

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

### सूचना १

खण्ड ४६, अतिरिक्ताङ्क ५, मिति २०५६ साल वैशाख २० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाअनुसार गठित निर्वाचन अदालत, तुलसिपुर दाङको म्याद समाप्त भई नेपाल राजपत्र खण्ड ५०, अतिरिक्ताङ्क १२ (क), भाग ३ मिति २०५७ साल असार ६ गते प्रकाशित यस मन्त्रालयको सूचना अनुसार म्याद समाप्त भएको मितिले तीन महिनासम्मको लागि म्याद थप भएकोमा सो म्याद समाप्त भएको मितिले पुनः तीन महिनासम्मको लागि म्याद थप गर्ने श्री ५ को सरकारले निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

खण्ड ४६, अतिरिक्ताङ्क ५, मिति २०५६ साल वैशाख २० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाअनुसार गठित निर्वाचन अदालत, ईलामको म्याद समाप्त भई नेपाल राजपत्र खण्ड ५०, अतिरिक्ताङ्क १२ (क) भाग ३ मिति २०५७ साल असार ६ गते प्रकाशित यस मन्त्रालयको सूचनाअनुसार म्याद समाप्त भएको मितिले तीन महिनासम्मको लागि म्याद थप भएकोमा सो म्याद समाप्त भएको मितिले पुनः दुई महिनासम्मको लागि म्याद थप गर्ने श्री ५ को सरकारले निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

खण्ड ४९, अतिरिक्ताङ्क ५, मिति २०५६ साल वैशाख २० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित निर्वाचन अदालत, वाग्लुङ्गको म्याद समाप्त भई नेपाल राजपत्र खण्ड ५०, अतिरिक्ताङ्क १५ (क), भाग ३, मिति २०५७ साल असार १६ गते प्रकाशित यस मन्त्रालयको सूचना अनुसार म्याद समाप्त भएको मितिले तीन महिनासम्मको लागि म्याद थप भएकोमा सो म्याद समाप्त भएको मितिले पुनः तीन महिनासम्मको लागि म्याद थप गर्ने श्री ५ को सरकारले निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
उदयनेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।